# नक्कली रूपैयाँसहित पक्राउ

कास्की, फागुन ६ । पोखरा महानगरपालिका ५ प्रस्याङडेरा गरी बस्नेमकवानपुर हेटौंडा घर भएका ३२ वर्षीया नरेश लामा र उनकै श्रीमती २५ वर्षीया सरस्वती बलामीलाईनक्कली नेपाली रूपैयाँ १ हजार दरका १९ थान,ल्यापटप र मोबाइल सहित सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

गत माघ २२ गते पोखरा महानगरपालिका-१६ अर्मलाका बिभिन्न किराना पसलहरूमा ग.१४प ३५४नम्बरको मोटरसाइकलमा आएका उनीहरूले एक हजारको नक्कली नोट दिई रिचार्ज कार्ड लगेर फरार भएका थिए । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जानकारी दिएको छ ।

## बैंकहरुको...

राख्न पनि सरकारसँग माग गरेको छ । ब्याजदर नियन्त्रणसम्बन्धीउक्त मागहरू तत्काल सम्बोधन नभए सम्पूर्ण उद्योगी व्यापारीहरू बैंकहरूविरूद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत संघले दिएको छ । यसैबीच, अर्थमन्त्री डा. युवराज खतिवडाले सोमबार निजी क्षेत्रका प्रतिनिधि र बैंकसँगको बैठकमा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा ब्याजदरको समस्या समाधान हुने जानकारी गराएका छन् ।

## शिवम्...

नसक्दा अधिकांश भौतिक निर्माण भएका संरचनाहरू कमजोर भएको पाइएको छ ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले केही महिनाअघि गरेको अनुगमनका क्रममा व्यापारीले सिमेन्टमा व्यापक ठगी गर्ने गरेको प्रतिवेदन सरकारलाई बुझाएको थियो । सो प्रतिवेदनका आधारमा कारबाही नहुँदा ठगी कार्यमा समेत तीव्रता आएको हो । विभागको अनुगमन टोलीले राजधानीको विभिन्न स्थानमा गरेको अनुगमनबाट व्यापारीहरूले सिमेन्टमा ठगी गर्ने गरेको पाइएको ठहर गरी प्रतिवेदन तयार गरेको थियो ।

आफ्नो कम्पनीअन्तर्गत ठूलो लगानीमा निर्माण भएको भन्दै प्रचारप्रसार गर्दै आएको होङ्सी शिवम सिमेन्टले गत मार्चदेखि उत्पादन सुरू गरेको हो । नवलपरासीको वेणीमनीपुरस्थित सर्दीमा रहेको सो कम्पनीमा नेपाली र चिनियाँ लगानी रहेको छ।

३६ अर्ब लगानी रहने बताइएको सो शिवम् होल्डिङ्सको ३० प्रतिशत र होङ्सीको ७० प्रतिशत हिस्सा रहेकोछ। चीनको सिमेन्ट उत्पादक कम्पनी होङ्सीले नेपालमा लगानी गर्ने भएपछि नेपालको बजार अध्ययन गरेर होङ्सी र शिवम्बीच सयुक्त रूपमा लगानी गर्ने सहमति भएको हो । शिवम् सिमेन्टले होङ्सीलाई ७० प्रतिशतको सेयर हिस्सा दिएर साझेदार बनाएको हो । यसरी सो सेयर दिने सहमति भएपछि हेटौंडाबाट उत्पादन हुँदै आएको शिवम् सिमेन्टले नाम परिवर्तन गरी होङ्सी शिवम् सिमेन्टको नाममा सञ्चालनमा आएको हो । यसरी विद्यमान कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भइसकेको नामबाट अघिपछि नयाँ नाम थपेर नयाँ उद्योग दर्ता गर्न नपाउने विद्यमान ऐनमा उल्लेख छ । तर, सो ऐनको बर्खिलाप अहिले हेटौंडाको ठेगाना देखाएर शिवम् सिमेन्ट र नवलपरासीको ठेगाना देखाएर होङ्सी शिवम् सिमेन्टको नाममा उत्पादन हुँदै आएको छ ।

शिवम् होल्डिङ्सले हेटौंडामा सिमेन्ट उद्योग चलाइरहेको छ । नेपालको शिवम् सिमेन्ट प्रालिसँगको संयुक्त लगानीमा सो उद्योग सञ्चालन भएको हो । तत्कालीन समयमा सरकारले होङ्सी शिवम् सिमेण्ट उद्योगसँग गरेको सम्झौता उत्पादन सुरू भइसक्दा पनि पूरा गर्नसकेको छैन ।वैदेशिक लगानी भित्र्याउने ठूलो महत्वाकांक्षा सरकारले बोकेको भएपनि लगानी सम्झौता भई उत्पादन नै सुरु गरिसकेको नवलपरासीको सर्दीखोलास्थित होङ्सी शिवम् सिमेण्ट उद्योगसँगको भौतिक संरचना निर्माणसम्बन्धी सम्झौता अझै पूरा गरेको छैन ।सरकारी मापदण्डविपरीत सिमेन्ट उत्पादन गरेर बजार पठाउनेमा अर्घाखाँची, होङ्सी शिवम्, सगरमाथा र सर्वोत्तम सिमेन्ट रहेको विभागको रेकर्डमा रहेको छ । गुणस्तर मापन गर्ने सरकारी निकायले नै उत्पादनमा कमजोरी फेला पारे पनि ती उद्योगमाथि कारबाही हुनसकेको छैन। सरकारी लापरबाहीका कारण उपभोक्ताले गुणस्तरहीन सिमेन्ट प्रयोग गर्नुपर्ने बाध्यता छ।नवलपरासीको त्रिवेणीमा रहेको होङ्सी शिवम् सिमेन्टको गुणस्तरलाई लिएर देशैभर चर्चा सुरु भएको छ भने होङ्सी सिमेन्टसँग सहकार्य गरिरहेको हेटौँडा १७ हटियामा रहेको शिवम् सिमेन्टको समेत गुणस्तरलाई लिएर चर्चा सुरु भएको छ । नवलपरासीमा रहेको होङ्सी सिमेन्टको गुणस्तर मापन गरेपछि होङ्सी सिमेन्ट गुणस्तरहीन भएको भदै विभागले कारबाहीको दायरामा राखेको भएपनि कारबाही भने भएको छैन ।

हटियामा रहेको शिवम् सिमेन्टबाट दैनिक ४०० गाडी ढुंगा नवलपरासीको होङ्सी सिमेन्ट लैजाने गरेको छ र उक्त ढुंगाबाट उत्पादित सिमेन्टका कारण होङ्सी गुणस्तरहीन प्रमाण भएको अनुमान विज्ञहरूले गरेका छन् ।

## ऊर्जा...

रणनीतिमा सन् २०१५ सम्म रहेको ऊर्जा दक्षताको प्रतिवर्ष शून्य दशमलव ८४ प्रतिशतलाई औसत दर दोब्बर गरी २०३० सम्म प्रतिवर्ष १ दशमलव ६८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । रणनीतिले ऊर्जा खपत घनत्व घटाई उत्पादकत्व बढाएर आर्थिक वृद्धिमा टेवा पुऱ्याउने, यसबाट वातावरण सन्तुलन कायम गरी स्वास्थ्यमा सकारात्मक सुधार ल्याउने उद्देश्य राखेको छ ।

रणनीतिमा उपभोक्ता तहदेखि नीतिनिर्माण तहसम्म ऊर्जा दक्षता सम्बन्धमा जनचेतना जगाउने, आवश्यक स्रोतको व्यवस्थापन र परिचालन, पूर्वाधार निर्माण र जनशक्ति विकासका लागि नीतिगत, कानुनी र संस्थागत संरचनाको निर्माण गर्ने, ऊर्जा दक्षताको स्थापित अन्तर्राष्ट्रिय र क्षेत्रीय मापदण्डको आधारमा राष्ट्रिय मापदण्ड र स्तर निर्धारण गर्ने कुरामा जोड दिइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र जर्मन सहयोग नियोग (जिआइजेड)को आयोजनामा भएको कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा कृष्णप्रसाद ओलीले परम्परागत तथा खनिज इन्धनको निर्भरतालाई कम गरी स्वच्छ तथा हरित ऊर्जाको प्रवर्द्धन गर्न सरकारले ऊर्जा दक्षता रणनीति ल्याएको स्पष्ट गरे । रणनीतिले मुलुकको समग्र आर्थिक समृद्धिका लागि विभिन्न पक्षहरूलाई उजागर गरेको बताउँदै उनले भने, "यसका लागि हरेक नागरिकले आफ्नो सोच र व्यवहारमा परिवर्तन ल्याउन आवश्यक छ ।"

मन्त्रालयका सचिव दिनेश घिमिरेले ऊर्जाको माग र आपूर्तिलाई सहज बनाउन पहिलोपटक कानुनी रूपमा रणनीति आएको उल्लेख गर्दै रणनीतिको आधारमा छिटै ऊर्जा दक्षता संरक्षण ऐन ल्याइने बताए । उनले ऊर्जा दक्षता कार्यक्रमको प्रवर्द्धन तथा प्रभावकारी कार्यान्वयनका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई तोकिएकाले आगामी दिनमा यस क्षेत्रमा ठोस उपलब्धि हासिल हुने विश्वास व्यक्त गरे ।

सो अवसरमा नेपालका लागि जर्मनी दूतावासका डा. क्लाउडिया हाइपेले ऊर्जाको किफायती प्रयोगबाट जलवायु परिवर्तनको समस्या न्यूनीकरण गर्न, ऊर्जा सुरक्षा र ऊर्जाको पहुँच बढाउन सकिने भएकाले यसमा आम जनताको सोच र व्यवहारमा परिवर्तनको खाँचो पर्ने बताए । उनले जर्मनीलगायत विश्वका धेरै देशहरूले ऊर्जा दक्षतालाई प्राथमिकता दिएको उल्लेख गर्दै नेपालमा पनि अब यसम्बन्धी रणनीति कार्यान्वयनमा आएपछि ऊर्जा क्षेत्रका धेरै समस्या समाधान हुने बताए ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक मधुसुदन अधिकारीले ऊर्जा दक्षता रणनीतिको कार्यान्वयनका लागि आवश्यक नीति र ऐन कानुनको तर्जुमा गर्नेदेखि यससम्बन्धी कार्यक्रमको कार्यान्वयनमा केन्द्रले पहल गर्ने बताए ।

सो अवसरमा केन्द्रका निर्देशक नवराज ढकाल र राष्ट्रिय ऊर्जा दक्षता कार्यक्रम(निप)का परामर्शदाता विशाल थापाले मुलुकको समृद्धिका लागि ऊर्जा दक्षता रणनीतिको कार्यान्वयनका विविध पक्षमा प्रस्तुतीकरण दिएका थिए । रासस

---


## मुड्केचुला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।११।०७

चालू आ.व.२०७५/०७६ का लागि यस गाउँपालिकाको वडा नं १ देखि ९ सम्म कृषि प्रवर्द्धन कार्यक्रमअन्तर्गत तपसिलमा उल्लिखित बिरुवाहरु (ढुवानी समेत) खरिद कार्य गर्नुपर्ने भएकोले उक्त सामानहरु उपलब्ध गराउन नेपाल सरकारबाट इजाजत प्राप्त, आ.व. २०७४/०७५ सम्म करचुक्ता गरेको दर्तावाला इच्छुक कृषि फर्महरुलाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउ-पत्र खरिद गरी १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा दरभाउ-पत्र दर्ता गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको फो. नं.९९४८७०१३३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

तपसिल :

| सि.नं. | मालसामानको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | टिमुर बिरुवा | ८००० वटा | ढुवानी समेत |
| २ | सुन्तला बिरुवा | २५०० वटा | |
| ३ | कागती बिरुवा | २५०० वटा | |
| ४ | किभी बिरुवा | १००० वटा | |

प्रमुख प्रशासकीय अधिकृत



**कर्मचारी आवश्यकता**

यस नेपा टेराकोटा इटा उद्योग प्रा. लि छम्पीको लागि निम्न लिखित योग्यता भएको २ जवान कर्मचारी आवश्यक भएकाले यस सूचना प्राप्त भएको १५ दिन भित्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

योग्यता
१) बुटा इटाको मोल्ड बनाउन जान्ने
२) बुटा इटाको माटो मिक्स गर्न जान्ने
३) औधोगिक मेसिन वायरिङ्ग गर्न जान्ने
४) औधोगिक मेसिनका डिस्ट्रिव्यूसन मोटर कन्ट्रोल प्यानल चलाउन जान्ने

सम्पर्क: नेपा टेराकोटा इटा उद्योग प्रा. लि
ललितपुर, छम्पी
9851035757



## नर्थन लाइट्स प्रा.लि.
### कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजीम मिति २०७२/०२/२० मा दर्ता भएको प्रा.लि.नं.१३५७०० को नर्थन लाइट्स प्रा.लि. कम्पनीको मिति २०७५/११/०५ मा सम्पन्न कम्पनीको विशेष सभाले कम्पनी ऐन २०६३ को धारा १२६ बमोजीम स्वेच्छिक खारेजी(लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनी संग कोही कसैको कुनै किसिमको लेजदेन,बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

दामासायी व्यवसायी, लिक्विडेटर
बिरेन्द्र सिवाकोटी
इजाजत प.नं २६७, सम्पर्क नं. ९८५१०५५२४९
ठेगाना : का.जि.का.म.न.पा.वडा नं. १०



## मुड्केचुला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।११।०७

चालु आ.व.२०७५।७६ का लागि यस गाउँपालिकाको लागि प्राविधिक सामान खरिद कार्यक्रमअन्तर्गत तपसिलमा उल्लिखित प्राविधिक सामानहरु (ढुवानी समेत) खरिद कार्य गर्नुपर्ने भएकोले उक्त सामानहरु उपलब्ध गराउन नेपाल सरकारबाट इजाजत प्राप्त, आ.व. २०७४/०७५ सम्म करचुक्ता गरेको दर्तावाला इच्छुक कृषि फर्महरुलाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउ-पत्र खरिद गरी १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा दरभाउ-पत्र दर्ता गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको फो. नं.९९४८७०१३३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

तपसिल :

| सि.नं. | मालसामानको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | Electronic Total Station GeomaxZipp 10 Pro with tripod | एक सेट | ढुवानी समेत |
| २ | Prism set | दुई सेट | |

प्रमुख प्रशासकीय अधिकृत



## मुड्केचुला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।११।०७

चालू आ.व.२०७५/०७६ का लागि यस गाउँपालिकाको वडा नं १ देखि ९ सम्मका लक्षित वर्ग समुदायका लागि सिलाइकटाइ तालिम दिने कार्यक्रमअन्तर्गत तपसिलमा उल्लिखित सामानहरु ( ढुवानी समेत) खरिद कार्य गर्नुपर्ने भएकोले उक्त सामानहरु उपलब्ध गराउन नेपाल सरकारबाट इजाजत प्राप्त, आ.व. २०७४/०७५ सम्म करचुक्ता गरेको इच्छुक सप्लायर्सहरुलाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउ-पत्र खरिद गरी १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा दरभाउ-पत्र दर्ता गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको फो. नं.९९४८७०१३३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

तपसिल :

| सि.नं. | मालसामानको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सिलाइ मेसिन (टेवलसहित) | ३० वटा | ढुवानी समेत |
| २ | सिलाइ कैची | ३० वटा | |
| ३ | सिलाइ मेसिनको तेल | ५० डिब्बा | |
| ४ | तालिमका लागि आवश्यक कच्चा पदार्थ | आवश्यकताअनुसार | |

प्रमुख प्रशासकीय अधिकृत



## मुड्केचुला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
डोल्पा
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५।११।०७

चालु आ.व.२०७५/०७६ मा यस गाउँपालिकाको योजना कार्यक्रमअन्तर्गत गाउँपालिकाले आफैं एफएम सञ्चालन व्यवस्थापन गर्ने भन्ने निर्णयअनुसार आर्थिक तथा प्राविधिक प्रस्ताव तयार गर्ने, यससँग सम्बन्धित सामग्री खरिद, निर्माण कार्य गरी यस गाउँपालिकालाई जिम्मा दिने सम्मका(ढुवानी समेत) कार्य गर्नुपर्ने भएकोले उक्त कार्यहरु गर्न नेपाल सरकारबाट इजाजत प्राप्त, आ.व. २०७४/०७५ सम्म करचुक्ता गरेको दर्तावाला इच्छुक परामर्शदाता, सप्लायर्स, निर्माण व्यवसायीहरुलाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउ-पत्र खरिद गरी १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा दरभाउ-पत्र दर्ता गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयको फो. नं.९९४८७०१३३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत



## राउजे खोला जलविद्युत् आयोजना १८.० मे.वा.को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/११/०७

हाइड्रो कनेक्शन प्रा.लि. प्रस्तावक रहेको सोलुखुम्बु जिल्लाको टाक्सिन्दु गा.वि.स.हाल सोलुदूधकुण्ड नगरपालका वडा नं. १ मा निर्माणाधीन राउजे खोला जलविद्युत् आयोजना १८ मे.वा.को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी अध्ययन कार्य अगाडि बढाइएको छ। उक्त आयोजनामा हेडवर्क्स, हेडरेस पाइप, सर्ज ट्यान्क, पेनस्टक, पावर हाउस र टेलरेस लगायतका संरचना निर्माण हुनेछन्।

उक्त आयोजना कार्यान्वयन गर्दा स्थानीय वातावरणमा पर्ने अवयवहरु भौतिक, रासायनिक, जैविक, सामाजिक, सांस्कृतिकहरु, सकारात्मक - नकारात्मक असरको बारेमा के कस्ता प्रभाव पर्छ सो सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभाग तथा परामर्शदातासँग पठाउनका लागि वातावरणीय संरक्षण नियमावली २०५४ को अनुसूची १ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफ्नो राय/सुझाव पठाउनहुन अनरोध छ।

| राय/सुझावको लागि ठेगाना | परामर्शदार्ता |
|---|---|
| हाइड्रो कनेक्शन प्रा.लि.<br>ललितपुर महानगरपालिका-१५<br>फोन नं. : ०१-५५२३७८४, ५५२७४६९<br>इमेल : connectionhydro@gmail.com | Nepal Environment & Development Consultant Pvt. Ltd.<br>Babarmahal, Kathmandu<br>Email : consultingnepal@gmail.com |



## प्रभु बैंक लिमिटेडको शाखा कार्यालय कमलादी काठमाण्डौका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्ताहरूलाई कर्जा चुक्ता गर्ने ७(सात) दिने सार्वजनिक सूचना तथा धितो लिलाम बिक्रीको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०७५/११/०७ गते मंगलबार, आर्थिक दैनिकमा प्रकाशित )

यस बैंक (साविक ग्रान्ड बैंक लिमिटेड) शाखा कार्यालय कमलादी, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिनुभएको कर्जा रकम बैंकसँग गर्नु भएको शर्त कबुलियत बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेकाले बैंकले कर्जा असुलउपर गर्नका लागि मिति २०७१/०३/०६ गतेको नेपाल समाचारपत्र दैनिकमा कर्जा चुक्ता गर्ने सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सुचना बमोजिम कर्जा चुक्ता नभएकोले मिति २०७१/०५/०३ गतेको नेपाल समाचारपत्र दैनिकमा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्रीको १५दिने सार्वजनिक सूचना प्रकाशित,गरिएकोमा सो सुचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले मिति २०७२/०४/२२ गतेको नेपाल समाचारपत्र दैनिकमा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री सम्बन्धी ७(सात)दिने सार्वजनिक सूचना प्रकाशित,गरिएकोमा सो सुचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती खरिद गर्न कसैको पनि बोलपत्र पर्न नआएकाले मिति २०७३/१०/०५ गतेको नेपाल समाचारपत्र दैनिकमा कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री सम्बन्धी ७(सात)दिने सार्वजनिक सूचना प्रकाशित,गरिएकोमा सो सुचना बमोजिम समेत कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती खरिद गर्न कसैको पनि बोलपत्र पर्न नआएकाले,कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामाछ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्मबाट लिलाम बिकी गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने सो व्यहोरा खुलाई यो सुचना प्रकाशित भएको मितिले ७(सात) दिने भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८(आठ)औं दिन अर्थात मिति २०७५/११/१४ गते मंगलबार,(सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै बैंक खुलेको दिन बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारणदर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चःयो सूचना प्रकाशित भएको मितिले ८ (आठ) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणीलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणी, जमानतकर्ता तथा लिलाम विक्री हुने सम्पत्तिको विवरण :

| | | |
|---|---|---|
| **ऋणी : श्री नबिनकुमार रेग्मी**<br>(ना.प्र.न ३६० जारी मिति (२०४०/०६/२५, जि.का.मोरङ्ग) ।<br>ठेगाना :मोरङ्ग जिल्ला, विराटनगर म.न.पा, वडा नं. १ ।<br>बाबु:दुर्गा नाथ रेग्मी।<br>बाजे: टंकनाथ रेग्मी । |  | **जमानतकर्ताको नाम : श्री आरजु कुँवर ।**<br>ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा , वडा १५ ।<br>बाबु : श्याममान सिह ।<br>बाजे : खुशमान सिह ।<br>**जमानतकर्ताको नामः श्री राम बहादुर श्रेष्ठ ।**<br>ठेगानाः काठमाण्डौ जिल्ला का.म.न.पा , वडा ६ ।<br>बाबु: लोकदास श्रेष्ठ ।<br>बाजे :मानदास श्रेष्ठ । |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

ऋणी नबिन कुमार रेग्मीको नाममा मालपोत कार्यालय विराटनगर, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा, गा.वि.स वडा नं. २, नक्सा नं. २ख स्थित कित्ता नं ४३९को क्षेत्रफल ०-१०-० जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधानकार्यालय, बबरमहल, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा सम्पर्क राख्नुहोला।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ४७८८५००, फ्याक्स नं. ९७७-१-४७८०५८८